Received Date: June 2023 Revised: July 2023 Accepted: Aug. 2023

# अन्तरिम सरकार २०४७ : चुनौती एवं प्राथमिकताहरू

**बद्रीनारायण गौतम पिएच.डी**
प्राध्यापक
इतिहास केन्द्रीय विभाग, कीर्तिपुर
Email:drbngautam@icloud.com
DOI: 10.3126/hj.v14i2.59074

**सार**

*राजा महेन्द्रले स्थापना गरेको निर्दलीय स्वरूपको पञ्चायतले दलहरूलाई भित्र पस्नै नसक्ने बनाएपछि अरू विचार एवं वादमाथि प्रतिबन्ध लगाएर राजनेतृत्वको व्यवस्थाका रूपमा प्रचार गरिरह्यो । प्रशस्तै मेहनत गरेर आफ्नो नीति अनुकूल बनाउन खोज्दा पनि सफल हुन नसकेपछि सम्झौता गरेर सहजीकरण गर्ने निश्चय गरेका राजा महेन्द्रको अकस्मात निधन भएपछि राजा बनेका वीरेन्द्रबाट पनि शाही एकाधिकार कायमै राख्ने प्रयास भयो । राजा हुना साथ राजदरबार सचिवालयमा व्यापक परिवर्तन गरेर नयाँ पढेलेखेका युवकहरू भर्न थालेपछि रुसबाट अध्ययन गरेर आएकाहरूले दरबारिया कम्युनिष्ट बनेर पञ्चायतभित्र विस्तारै पस्ने जुन कार्य सुरु भयो । त्यसले वीरेन्द्रकालीन राजतन्त्रलाई कम्युनिष्ट प्रभावित राजतन्त्रको स्वरूपमा पुऱ्याएको हो । आफ्नो स्वार्थमा आँच नपुगोस् भन्नेमा ध्यान केन्द्रित गर्ने दरबारियाहरूका साखुल्ले बनेर राजालाई आतङ्कित पारी चीन विरोधी नीतिमा बढ्ने बनाउने र विद्रोह-सङ्घर्षको सम्भावनालाई पहिला नै विष्फोटन गराएर खतम पार्ने उद्देश्य लिएका त्यस्ता पञ्चहरूले राजालाई सदैव प्रजातन्त्रवादी विरोधी बनाइरहे । सर्वसाधारण जनता समेतको मन जित्न नसक्ने अवस्था हुँदा पनि नचेतेका राजा वीरेन्द्रले अवलम्बन गरेको नीति नै आत्मघाती भएर निर्णायक जनआन्दोलन २०४६ को कारकतत्व बन्न गयो । कार्यगत एकताको आधारमा एकजुट भएका नेपाली कांग्रेस एवं संयुक्त वाममोर्चाका पक्षधरहरूले राजालाई नै बाध्य हुने परिस्थितिमा पुऱ्याएर पञ्चायती व्यवस्थालाई इतिहासको विषय बनाइदिए । आफ्ना विशेषाधिकार छाड्न नचाहेको राजतन्त्र एवं शाही मतियारहरूद्वारा चालेका षड्यन्त्रात्मक कदमलाई निस्तेज पार्दै बढेका आन्दोलनकारी नेपालीहरूले अन्तरिम सरकार गठन नगरिनहुने बनाएपछि प्रजातान्त्रिक पद्धतिको संस्थागत पहल सुरु भयो । शपथ ग्रहणसँगै चुनौती मनन गरेका अन्तरिम सरकार प्रमुख कृष्णप्रसाद भट्टराईले आफ्ना प्राथमिकताहरू सार्वजनिक गरेर क्रियाशीलता थाल्नु नै सफलताको मूल आधार थियो ।*

**शब्दकुञ्जी :** आक्रोशित जनसमूह, आन्दोलनकारी शक्तिहरू, दरबारिया तत्वहरू, प्रजातन्त्रको संस्थागत विकास ।

## विषयप्रवेश

पञ्चायती व्यवस्थाका प्रवर्तक राजा महेन्द्रको निधनपछि नाम चलेका शैक्षिक प्रतिष्ठानहरूबाट दिक्षित भएका र प्रजातान्त्रिक पद्धतिका मानक मानिने मुलुकहरूको भ्रमण अवलोकन गरेका श्री ५ वीरेन्द्रको राज्यारोहण भए तापनि नेपालीहरूले परिवर्तनको अनुभूति गर्न पाएनन् । प्रारम्भमै दरबारको सचिवालयमा व्यापक परिवर्तन गरेका नयाँ राजाले कतिपय पुराना प्रमुखहरूलाई अवकाश दिएर नयाँ र पढे लेखेका युवकहरूलाई भरेपछि कल्याण विक्रम अधिकारीलाई प्रमुख सचिव बनाए तापनि नारायणप्रसाद श्रेष्ठ एवं चिरनशमशेर थापाको नै बढी बोलवालाको स्थिति भयो (सुवेदी, वि.सं. २०६९) । पञ्चायती व्यवस्थामा परिवर्तन आउँछ कि भन्ने आशा गरेका

जतिलाई सन्तोष दिने अवस्था समेत सिर्जना गर्न नसकेका राजा वीरेन्द्रले पञ्चायती संविधानको दोस्रो संशोधन गरे तापनि विरोधीहरूलाई प्रवेश निषेधकै अवस्था कायम राखे । संवैधानिक अङ्ग बनेर क्रियाशील भएको गाउँ फर्क राष्ट्रिय अभियानको सिफारिस बिना पञ्चायतको जुन कुनै निकायमा चुनाव लड्नै नपाइने व्यवस्था दोस्रो संशोधनले गरेपछि सबैभन्दा शक्तिशाली निकाय बनेको गाउँ फर्कले एउटा पदका लागि एकजना भन्दा बढीलाई सिफारिसै नगर्ने नीति अवलम्बन गऱ्यो (मानन्धर, २०७९ चैत्र ४) । जसबाट पञ्चायत प्रणालीमा नामाङ्कनको अवस्था नै नरहने स्थिति भएकाले प्रत्यक्ष मतदानद्वारा चुनाव गर्नै नपर्ने अवस्था उत्पन्न भएर गाउँ फर्क राष्ट्रिय अभियानका पदाधिकारीहरूले सर्वेसर्वा-निर्णायक हुने परिवेश तयार भएकाले जनस्तरमा असन्तुष्टताको विकास हुँदै गयो । त्यसै बिच नेपालको छिमेकी मुलुक पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई त्यहाँका शैनिक तानाशाहको इशारामा फाँसीमा चढाएर मृत्युदण्ड कार्यान्वयन गराएको घटना विरुद्ध नेपालमा देखिएको विद्यार्थी असन्तुष्टितालाई दमन गर्न खोजिएपछि शुरु भएको विद्यार्थी आन्दोलन अराजक हुने सम्भावना देखापऱ्यो । राष्ट्रिय सेनालाई नै उतारेर स्थिति नियन्त्रण गर्ने प्रयास गरेका राजाले आफ्नो सचिवालय समेतलाई खासै जानकारी नदिइकन पञ्चायती व्यवस्थालाई नै परीक्षणको विषय बनाइदिए ।

१८ वर्षको अवधिमा निर्माण गरिएको पञ्चायती संरचनाको परिचालन गरेर जनमत सङ्ग्रह गराएका खण्डमा दुई तिहाईभन्दा बढी मत पाएर जनअनुमोदित व्यवस्था बनाउन सकिने भन्दै पञ्चायती शक्तिकेन्द्रले गरेको अनुरोध मानेका राजाले २०३६ साल जेठ १० को बिहान एक्कासी जनमत सङ्ग्रहको घोषणा गरेर सुधारिएको पञ्चायत वा बहुदलमध्ये एकको चयन गर्ने अधिकार नेपाली जनतालाई प्रदान गरे (गौतम, वि.स..२०७७; खनाल, वि.सं. २०७३) । प्रकट रूपमा उदार जस्तै देखिए पनि पञ्चायतलाई जनअनुमोदित बनाउने भित्री लक्ष्य लिएका राजाले आफ्ना पिताद्वारा व्यक्तिगत फाइलमै दरबार बुझेको सक्षम र आफ्ना कुरामा चतुर व्यक्तिको संज्ञा दिइएको व्यक्ति सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफ्नो लक्ष्य पूरा गराउन जिम्मा दिए । राजाको आसय बुझेपछि राज्यका श्रोत साधनको एकछत्र प्रयोग गर्ने, राजालाई समेत पञ्चायतका एकछत्र नेता बनाएर प्रचार अभियान चलाउने, स्रोत सङ्कलनका नाममा अत्यधिक वन फडानी गरेर सम्पति थुपार्ने र चोथमल जाटिया जस्ता व्यापारिलाई प्रयोग गरेर सर्पको छाला निकासी लगायतका कार्य गराई धन बटुल्ने गरेका सूर्यबहादुर थापाले पञ्चायतलाई जनअनुमोदित व्यवस्था बनाइदिए (गौतम, वि.सं. २०७७; सुवेदी, वि.सं. २०६९; थापा, वि.सं. २०७९) । राजा निष्पक्ष नरहेको औपचारिक रूपमै पुष्टि हुने गरी आएको उक्त परिणामलाई पनि तुरुन्तै स्वीकार गरेका वी.पी. ले देशलाई रक्तपातपूर्ण भीडन्तको स्थितिमा जानबाट जोगाएर नेपाली कांग्रेसलाई सङ्गठन सुदृढीकरणको बाटो तर्फ बढाइदिए ।

यसप्रकार जनमानसले सोझो, भद्र र तुलनात्मक रूपमा प्रजातान्त्रिक मानेका राजा वीरेन्द्रले देशलाई प्रजातान्त्रिक युगमा फड्को मार्नबाट रोक्ने र पिता महेन्द्रले सैनिक शक्तिको बलमा असंवैधानिक कदम चालेर प्रजातान्त्रिक पद्धतिकै हत्या गरी ल्याएको निर्दलीय अधिनायकवादलाई वैधता दिलाएर जनअनुमोदित व्यवस्था बनाइदिए (विरही, वि.सं. २०७३) । जनमत सङ्ग्रहले सिर्जना गरेको राजनैतिक खुकुलोपनबाट फाइदा उठाउँदै बढेका कांग्रेस एवं कम्युनिष्टहरूबाट जनाधार निर्माणको पहल थाल्दै बढेर शान्तिपूर्ण आन्दोलनको आधार तयार पार्ने काम भयो । विरोधीहरूलाई निषेध गरेर बढेको पञ्चायती व्यवस्थाले नामाङ्कन लगायतमा गरेको व्यवस्थाले गर्दा भोट खसाल्न पञ्च हुनु नपर्ने तर उम्मेदवार बन्न पञ्च हुनै पर्ने बाध्यकारी अवस्था हुन गयो ( नेपाल, वि.सं. २०७०) । जसबाट प्रजातन्त्रवादीहरूले पञ्चायतमा प्रवेश नपाउने अवस्था भए तापनि पञ्चहरू बिच भने गुटबन्दी तीव्र हुन गयो । पञ्चायतकै नीति क्रियाकलापले गर्दा जनअसन्तुष्टता वृद्धि हुँदै गएका बेला

भारतसँगको सम्बन्धमा उत्पन्न असहज अवस्था र राजतन्त्रको अविवेकी नीतिले गर्दा आम नेपालीहरूले कष्टकर परिस्थितिको सामना गर्नु पऱ्यो । समस्या निराकरण गरेर जनतालाई कष्टबाट मुक्ति दिलाउन राष्ट्रिय सरकार आवश्यक पर्ने धारणा सार्वजनिक गरेको नेपाली कांग्रेसलाई सदाझैं बेवास्ता गर्ने नीतिमा बढेको राजतन्त्रसँगै पेलेरै बढ्ने बाटो रोजेको सरकारबाट गरेको व्यवहारले गर्दा कठोर निर्णयमा पुग्न बाध्य पारेपछि निर्णायक जनआन्दोलन २०४६ को वातावरण तयार पारिएको हो ।

नेपाली कांग्रेसको आह्वानपछि एकजुट हुन आवश्यक ठानेका वामपन्थी समूहहरूमध्ये विभिन्न ७ वटा घटकहरू बिच समझदारी बनेपछि २०४६ पौष २८ का दिन संयुक्त वाममोर्चा गठन गरियो । विभिन्न १० वटा घटकबाट थालेको एकता वार्ताका अन्तमा नेकपा (मालेमा), नेकपा (मसाल) र नेकपा (मशाल) बाट पार्टी स्वतन्त्रता वा बहुदलीय व्यवस्था, मध्यम वर्गीय संसदीय प्रणाली वा जनतन्त्र आदि विषयमा कुरा नमिलेको भन्दै बाहिरिने कार्य गरिएपछि बाँकी ७ घटकहरूले वाममोर्चा गठन गरेर नेपाली कांग्रेससँग सहकार्य गर्ने निर्णय गरे ( पोखरेल, ई.सं. २००८; अधिकारी, वि.सं. २०६४) । जुन कुनै हालतले प्रजातन्त्र पुनर्स्थापना गरिछाड्ने अठोट गरेका नेता गणेशमान सिंहको आह्वानमा एकजुट भएर कार्यगत एकताका लागि तयार भएका सात वामपन्थी समूहहरूको सहभागिता निश्चित भएपछि थालेको संवाद-छलफलका अन्तमा अत्यावश्यक कुराहरूमा सहमती गरेर आचार संहिता नै तयार पारी जिम्मेवारी तोकियो (गौतम, वि.सं. २०७८(क); श्रेष्ठ, वि.सं. २०६०) । आवश्यक अन्तिम तयारी गरेपछि घोषित तिथि २०४६ माघ ५ बाट थालेको जनआन्दोलन देशव्यापी रूपमै फैलियो । प्रारम्भमै कठोर दमनको नीति लिएको पञ्चायती व्यवस्थाले व्यापक धरपकड गरेर अमानवीय व्यवहार गर्दै थुनेर सास्ती भोग्न बाध्य पार्ने, विश्वमै प्रतिबन्ध लगाइएका विशाक्त डमडम गोलीको प्रयोग गर्ने, घाइतेदेखि मृतकसम्मलाई एउटै कोठामा राखेर तर्साउने, उपचारको वास्तै नगर्ने, आन्दोलनकारीको लास समेत वेपत्ता पार्ने काम गरेपछि देशका प्रबुद्ध वर्ग मानिएका प्राध्यापक, चिकित्सक, कानून व्यवसायी, इन्जिनियर, मानव अधिकारकर्मी, बुद्धिजीवी आदिले आन्दोलनमा उत्रिएर ऐक्यबद्धता जनाउँदै गए (गौतम, वि.सं. २०७८(ख) । अन्तर्राष्ट्रिय जगत्‌बाट पनि आन्दोलनकै पक्षमा साथ समर्थन दिने क्रम बढेपछि अप्ठेरोमा परेको सरकारबाट सेना प्रयोग गर्दा पनि स्थिति नियन्त्रण सहज भएन । तबमात्र हस्तक्षेप गरेझैं प्रकट भएका राजाबाट भित्री मनसाय प्रकट नगरिकन आन्दोलनकारीहरूसँग वार्ता संवाद थालेर जनआन्दोलनको उभार शान्त पार्न खोजे । पटक पटक धोका पाउँदै आएकाले राजाको अध्यक्षतामा राष्ट्रिय सरकार बाहेकमा सहमती गर्न नसक्ने अडान नछाडेका जनआन्दोलन कमाण्डरले टसमस नभई डटिरहन भनेकाले राजाका कुत्सित चालहरू पनि सफल भएनन् । परिणामस्वरूप जनदबाव सामु झुक्न बाध्य भएका राजा पञ्चायतका सम्पूर्ण निकाय भङ्ग गरी अन्तरिम सरकार गठन गर्न तयार भएपछि २०४७ साल वैशाख ६ गते नेपाली कांग्रेस, संयुक्त वाममोर्चाका प्रतिनिधिका अलावा स्वतन्त्र बुद्धिजीवी एवं राजाका प्रतिनिधि सम्मिलित अन्तरिम सरकार गठन गर्ने काम भयो । ३० वर्षसम्मको अवधिमा पञ्चायतले तयार पारेको निकायदेखि सत्ता सुख भोग्नेहरूसम्म र जनआन्दोलनको तीव्र दमन नै मूल लक्ष्य बनाउनेहरू समेतको संरचना कायमै रहेको अवस्थामा गठन भएको अन्तरिम सरकारलाई चुनौतीहरूको सामना गरेरै क्रियाशील हुनु पर्ने भए तापनि कत्ति विचलित नभईकन प्राथमिकताहरू निर्धारण गरेर कार्य प्रारम्भ गर्नु परेको थियो । जसबारे प्रस्तुत आलेखमा विश्लेषण प्रयास गरिएको छ ।

नेपालको राजनैतिक इतिहासमा मुलुक केन्द्रित जनआन्दोलनको उपलब्धि स्वरूप गठन भएको अन्तरिम सरकार २०४७ एकमात्र सफलतम सरकार हो । प्रजातान्त्रिक पद्धति नै समाप्त गरेर स्थापना गरिएको पञ्चायती व्यवस्थाले बनाएका संरचनादेखि पञ्चायती संयन्त्रसम्म कायमै रहेको र जनआन्दोलन उपलब्धिमूलक हुन दिनै

नचाहेको अवस्थामा गठित अन्तरिम सरकारको क्रियाशीलता-सफलताबारे खासै अध्ययन विश्लेषण नहुँदा चुनौती सामना गर्दै सरकारले लिएका प्राथमिकता बारे आजको युवाजगत्देखि भावी पिँढीसम्म नै अनजान हुने सम्भावना बलियो छ । तसर्थ पञ्चायती संयन्त्रहरू यथावत रहेको अवस्थामा गठन भएको अन्तरिम सरकारले विद्यमान् चुनौतीहरू महसुस गरेर निर्धारण गरेका प्राथमिकताबारे यस लेखबाट तथ्यगत एवं वस्तुगत जानकारी प्राप्त गर्न सकिने भएकाले महत्वपूर्ण कार्य हुने आशा गर्न सकिन्छ ।

जनआन्दोलन २०४६ को सफलतापछि प्राप्त उपलब्धि संस्थागत गर्ने अभिभारा लिएर गठित अन्तरिम सरकार २०४७ का चुनौती एवं प्राथमिकता बारे विश्लेषण प्रयास गरिएको प्रस्तुत गुणात्मक अध्ययनले जनता पक्षको इतिहास निर्माणको आधार तयार पारेको छ । पञ्चायतका सबै निकाय एवं त्यसलाई मलजल गर्ने सम्पूर्ण संयन्त्र हुँदाहुँदैको अवस्था र आफ्ना सुख सुविधा खोसिने भएपछि जेसुकै गर्न अग्रसर भएको स्थितिमा जनदबावको बलमा गठन भएको अन्तरिम सरकारले चुनौतीहरूको सामना गर्दै निर्धारण गरेका प्राथमिकताबारे जनता पक्षको इतिहास निर्माणको आधार निर्माणमा सघाउ पुऱ्याउनु नै प्रस्तुत लेखको उद्देश्य हो । नेपालको प्रजातान्त्रिक आन्दोलनको महत्वपूर्ण उपलब्धि प्रमाणित भएको अन्तरिम सरकार २०४७ ले कार्य थालनी गर्दा अवलम्बन गरेका रणनीति लगायतका विषय बारे प्रकाश पार्न विशद अनुसन्धानको आवश्यकता पर्ने भएकाले यस लेखलाई उक्त सरकारले सामना गर्नु गरेका चुनौती एवं निर्धारण गरेका प्राथमिकता विश्लेषणमा मात्र सिमाङ्कन गरिएको छ ।

## अनुसन्धान विधि

अध्ययन कार्यमा अन्वेषणात्मक क्रियाकलाप दुरदर्शीतापूर्ण कदम मानिन्छ भने त्यसका लागि अवलम्बन विधिले स्वरूप निर्धारण गर्दछ । नेपाली जनताले कठोर सङ्घर्षपछि पाएको सफलता स्थायित्व गर्ने जिम्मेवारीसहित गठन भएको अन्तरिम सरकार २०४७ ले सामना गरेका चुनौती एवं निर्धारण गरेका प्राथमिकता बारे विश्लेषणात्मक प्रकाश पार्ने प्रस्तुत अनुसन्धान मूलतः अप्रकाशित एवं मौलिक स्रोतहरूमा आधारित भएर सम्पन्न गरिएको हो । अध्ययनको मूल विषयवस्तुसम्म पुग्नका लागि पृष्ठभूमि तयार पार्दा आवश्यक थप तथ्य खोज्न र प्राप्त जानकारीहरूको विश्वसनीयता केलाएर पुष्टि गर्न केही सहायक स्रोतहरूको पनि प्रयोग गरिएको हो । जनआन्दोलन २०४६ मा सहभागी भएर सहयोग पुऱ्याउनेदेखि अन्तरिम सरकार गठन क्रियाशीलता लगायतलाई प्रत्यक्ष अनुभव गर्ने अवसर पाउनेहरूमध्ये लेखक पनि एक भएकाले कतिपय प्रसङ्गहरू सम्झनाका तरेलीहरूबाट पनि उल्लेख प्रयास भएको छ भने कतिपय विषयवस्तुहरू विभिन्न राजनीतिज्ञ, पत्रकार, बुद्धिजीवी आदिसँगका अन्तर्क्रिया-अन्तर्वार्ता आदिबाट जुटाएर अध्ययन विश्लेषण प्रयास गरिएको छ । नेपालको प्रजातान्त्रिक आन्दोलनका प्रत्यक्षदर्शी, अन्वेषक एवं अभियन्तासँगका अन्तर्वार्ता कुराकानीबाट प्राप्त तथ्यसँगै स्थलगत अवलोकनबाट प्राप्त सामग्रीहरू प्रयोग गरिएको प्रस्तुत अध्ययनलाई पूर्णता दिँदा पुस्तकालयहरूको अध्ययनदेखि पत्रपत्रिकाहरू समेतबाट परीक्षण-सम्परीक्षण गरेर वर्णनात्मक विश्लेषणात्मक अध्ययन गुणात्मक ढाँचामा तयार पारिएको छ । नेपालको जनतापक्षको इतिहास बारेको विश्लेषण भएकाले प्राप्त सामग्रीलाई प्रयोग गरेर आलेख तयार पारी सन्दर्भसूचीमा सामग्रीहरूको विस्तृत विवरण उल्लेख गरिएको छ ।

## तथ्य विश्लेषण

जनबलको अगाडि आफ्ना सबै नीतिहरू काम नलाग्ने ठहरपछि मात्र राजा वीरेन्द्रले मरिचमान श्रेष्ठ सरकार विघटन गरेर चन्द सरकार गठन गर्नुका पछाडि केबल निर्दलीय स्वरूप मात्र परिवर्तन गरेर पञ्चायती

व्यवस्था कायमै राख्ने कुत्सित चाल लुकेको थियो । संवैधानिक राजतन्त्रका रूपमा आफ्नो स्थिति कसै गरी खुम्च्याउने पक्षमै नरहेका राजाले खाली नाममात्रको प्रजातन्त्र दिएर राजनैतिक दलहरूलाई कसरी त्यसमा छिराउने भन्ने उद्देश्य केन्द्रित भएर सक्रियता बढाउँदा पनि जनआन्दोलनको घोषित लक्ष्यबाट टसमस नभएका राजनैतिक दलहरू एवं जनसमूहको दबाब थेग्न नसकेपछि मात्र चन्द सरकारलाई बिदा गरेर आन्दोलनकारीहरूको अन्तरिम सरकार बनाउन मानेका हुन् (विरही, वि.सं. २०७९ मंसिर १८) ।

आन्दोलनकारीहरू जुनसुकै मूल्य चुकाउन पनि पछि नपर्ने मानसिकतामा उत्रिएपछि कल्पनै नगरेको क्षति राज्यपक्षले व्यहोर्नु पर्ने भएपछि मात्र संवादको मार्गमा बढेका राजाबाट आफू माथि हावी रहेका दरबारका कर्मचारीहरूलाई मुस्किलसँग पन्छाउन सकेको कुरा तत्कालीन दरबारियाहरूले नै सङ्केत गरेका छन् । प्रकट रूपमा भद्रभलादमी, सज्जन कसरी समाधान निस्कन्छ वा निकाल्न सकिन्छ भन्नेमा केन्द्रित भएको देखाउँदै काम गर्ने तर आफूलाई सुरक्षित, संरक्षित र शक्ति सम्पन्नमै राखेर निकास खोज्ने प्रवृत्तिमा जोड दिने राजा वीरेन्द्रले आन्दोलनको दमन क्रममा अत्यधिक राज्य शक्तिको प्रयोग नगरौँ भन्ने मानसिकता अनुरूप अन्तरिम सरकार निर्माण गर्न स्वीकृति दिएका हुन् (शर्मा, वि.सं. २०५९ असार २५) । राजाको उक्त कार्यलाई बाध्य भएर स्वीकार गरेका शाही परिवार एवं तिनको संरक्षणमा रहेको वर्ग, उच्च स्तरका कर्मचारीदेखि ठुला पञ्चहरू हुँदै दरबारिया कर्मचारीहरूसम्मले असन्तुष्ट भएर प्रतिक्रान्तिको मौका खोज्दै थिए । त्यसबाहेक सत्ता सुखबाट विमुख हुने अवस्थामा पुगेका भाइ भारदार-दरबारिया शक्तिकेन्द्र, शाही सेना एवं प्रहरीका माथिल्ला हाकिमहरू, मण्डलेतन्त्रका सञ्चालकदेखि क्रियाशीलसम्मले पनि मौका पर्ना साथ प्रतिक्रान्ति मच्चाउने बलियो सम्भावना छँदै थियो । आन्दोलनकारी शक्तिहरूमा शिथिलपना देखिनासाथ उल्लेखित सबै पक्षबाट दिइने दबाब एवं आफ्नै चाहना समेतले गर्दा राजाबाट प्रतिक्रान्तिको चाहना राख्नेहरूलाई साथ दिने सम्भावनाले गर्दा अन्तरिम सरकार समक्ष अप्ठेरो परिस्थितिको सामना गर्नु पर्ने चुनौतीपूर्ण स्थिति छँदै थियो ।

अन्तरिम सरकार २०४७ को गठन अत्यन्त संवेदनशील समयमा भएको थियो । नेपालको राजनीतिका प्रमुख शक्तिका रूपमा विकसित भएका कांग्रेस-कम्युनिष्टहरू बिचको इर्ष्या-वैमनस्यता, झगडा, शङ्का-उपशङ्का आदिबाट फाइदा उठाएको पञ्चायती व्यवस्थाले ३० वर्षसम्म शासन गर्न पाएको स्थितिलाई बल्लतल्ल मिलेका दुवै शक्तिको आन्दोलनले समाप्त पारेर प्रजातन्त्र पुनर्वहालीको बिहानी ल्याएको थियो (थापा, वि.सं. २०६९) । दरबारदेखि दरबारिया शक्तिकेन्द्रसम्मले लडाएका भिडाएका कांग्रेस कम्युनिष्ट एकजुट भएको स्थिति विरुद्ध षड्यन्त्रको प्रबल सम्भावना रहिरहेको अवस्थामा कांग्रेस, वामपन्थी समूहहरूका प्रतिनिधि, स्वतन्त्र बुद्धिजीवीदेखि राजाका मानिसहरू सम्मिलित भएर गठन भएको अन्तरिम सरकारको नेतृत्व समक्ष सबैलाई मिलाएर लानुपर्ने अवस्था छँदै थियो । नेपाली कांग्रेसलाई समाप्त गर्नका लागि कैयौँ पटक पञ्चहरूदेखि दरबारियाहरूसँग मिलेर आन्तरिक भूमिका निर्वाह गर्नेहरू पनि नेपालको राजनीतिमा छँदै थिए (कोइराला, वि.सं. २०७९ मंसिर १७; विरही, वि.सं. २०७९ मंसिर १८) । नेपाली कांग्रेसका प्रमुख नेता बी.पी. द्वारा विश्वासै गर्न हुँदैन भनेका कम्युनिष्ट पार्टीहरू मिलेर बनाएको मोर्चालाई साथै लिएर बढ्ने कार्य पनि सजिलो थिएन । संवैधानिक राजतन्त्रको नीति पालना गर्ने प्रतिबद्धतामै अडिग रहेको नेपाली कांग्रेसको नीति विपरीत अन्तरिम सरकारकै सहयात्री बनेका कम्युनिष्टहरूले भने भित्रभित्रै गणतन्त्रको कुरा गरिरहेको स्थिति छँदै थियो । विश्वमा चलेका परिवर्तनका लहर एवं साम्यवादी सरकारहरूको पतनबाट सुधारोन्मुख नीतिका पक्षमा देखिएका भए तापनि गणतन्त्र भन्न मन पराउने र प्रतिबद्धता उल्लङ्घन गर्न समेतपछि नपर्ने स्वभाव प्रकट गरेका सबैलाई सँगसँगै मिलाएर लिएर बढ्नु पनि चुनौतीकै विषय थियो ।

पञ्चायतको ३० वर्षीय अवधिमा हालिमुहाली गरिरहेकाहरूबाट प्रतिक्रान्तिको सम्भावना कायमै थियो भने जनआन्दोलन घोषणाकै बेलादेखि चर्का कुरा गर्ने तर संयुक्त वाममोर्चा भन्दा बाहिरै रहेर संयुक्त राष्ट्रिय जनआन्दोलन नामक मोर्चा बनाएर छुट्टै आन्दोलन घोषणा गरेका चरमपन्थी कम्युनिष्टहरू भने अन्तरिम सरकार विरुद्ध खुलेरै प्रकट भएका थिए । चैत्र २४ गते राजाबाट मरिचमान श्रेष्ठ सरकार विघटन गरेर वार्ता समेतको जिम्मेवारी दिई लोकेन्द्रबहादुर चन्दलाई सरकार गठनको जिम्मेवारी दिएको समाचार सार्वजनिक भएपछिको के हुन्छ ? को कौतुहलमय वातावरणमा तोडफोड गर्न नदिनु तर शान्तिपूर्ण प्रदर्शन नरोक्नु भन्ने सुरक्षाकर्मीको निर्देशन रेडियोको एफ.एम. व्यान्डबाट सुन्न पाएका जनताहरू चन्द सरकार धोका हो भन्दै सडकमा उत्रेपछिको स्थितिलाई आफ्नो आह्वानमा उत्रेको दावी गर्ने संयुक्त राष्ट्रिय जनआन्दोलनले गणतन्त्र उन्मुख आन्दोलन बिचमै रोकेर राजासँग सम्झौता गरी धोका दिएको आरोप लगाएर आन्दोलन भाँड्ने प्रयत्न गर्दै थियो (अधिकारी, वि.सं. २०७१ भाद्र ७; प्रधान, वि.सं. २०६२ असार १२; जोशी, वि.सं. २०७६ पौष ३) । गणतन्त्र एवं संविधान सभा जस्ता विषयहरू उठाउँदै सडकमा चर्का आवाज उठाउने यो समूहका कतिपय सभाहरूमा अन्तरिम सरकारलाई अप्ठ्यारो पार्न चाहने अतिवादी दरबारियाहरूका मानिसहरू पनि संलग्न भएको दृश्यबाट दुवैथरी चरमवादीहरू अन्तरिम सरकार विरुद्ध क्रियाशील भएको प्रस्टै देखिन्थ्यो ।

पञ्चायती व्यवस्थाको पतन भएर नयाँ व्यवस्था स्थापनाका लागि अन्तरिम सरकार गठन मात्र भएको संक्रमणकालीन समयमा दुवै प्रकारका अतिवादीहरूसँगै मिसिएका वितण्डावादीहरू भाँडभैलो मच्चाउने प्रयासमा थिए । अन्तरिम सरकारको गठनसँगै राजधानीका विभिन्न ठाउँमा हतियारबद्ध भएर टेलिफोनबाटै धम्कि दिँदै निस्केर दलबलसहित घातक हमला गर्दै लुट्ने प्रयास गर्ने क्रम शुरु भयो (रौनियार, वि.सं. २०५६) । त्यस्ता लुटेरा-आक्रमणकारीहरूबाट आमजनताको रक्षा गर्ने, लुटपाट गर्न नदिने जिम्मेवारी पाएका प्रहरीहरूले नै नदेखे जस्तो गर्ने भएपछि वि.सं. २०४७ वैशाख ७ गतेपछिका केही हप्तासम्म काठमाडौँका स्थानीय व्यक्ति एवं तरुणहरूबाटै टोल सुरक्षाको प्रयास भएको थियो । सर्वसाधारण नागरिकहरू नै पुनः सडकमा उत्रिएपछि स्थिति झन भयावह बनाउन खोजेका भाँडभैलो पक्षधरहरूले मैतीदेवी, कमल पोखरी आदि ठाउँहरूमा आगजनी एवं आक्रमण प्रयास गरेर जनस्तरमै आतङ्कित पार्ने प्रयास गर्दा पनि संयमता देखाएका नागरिकहरूले स्थिति अराजक हुनबाट जोगाएका थिए । अन्तरिम सरकारलाई अप्ठेरोमा पार्न चाहनेहरूबाट वैशाख १० को बिहानीपखतिर प्रहरीका वर्दीमा गाडीबाट ओहोर दोहोर गर्ने क्रम बढाएकाले कलंकी, कालीमाटी, टेकु क्षेत्रका नागरिक सुरक्षा समूहबाट तिनका गाडी रोकेर चेकजाँच गर्दा प्रहरी परिचय पत्र देखाउन नसक्ने, केही हतियारहरू भेटिने स्थिति भएकाले निगरानीमा लिई लछार पछार पार्ने, सामान्य कुटपिट गरेर डोरीले बाँधी लडाउने, ठेलागाडामा राखेर अस्पताल लान खोज्दा आक्रोसित जनताले अवरोध गर्ने कुट्नेसम्म पनि भयो (रौनीयार, वि.सं. २०५६) । जसबाट उत्पन्न हुन लागेको अस्तव्यस्त स्थितिलाई गृहमन्त्री समेतको उपस्थितिमा बल्लबल्ल नियन्त्रणमा लिएको भए तापनि अन्तरिम सरकारलाई शान्ति सुरक्षा कायम गर्नु समेतका चुनौतीहरूको सामना नगरी नहुने स्थिति प्रस्ट भएको थियो ।

कठिन सङ्घर्षपछि गठन भएको अन्तरिम सरकार क्रियाशील हुन थालेको अवधिमा देशका हरेक तह र तप्काका नागरिकहरूमा प्रशस्तै महत्त्वाकांक्षाहरू जागेका थिए । पञ्चायती व्यवस्थाको ३० वर्षीय अवधिमा थिचोमिचोमा परेका सर्वसाधारणहरूदेखि नारी-मजदुरहरूसम्म र जनआन्दोलनलाई उत्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पेशाकर्मीहरू, बुद्धिजीवीहरू, विद्यार्थीहरू, मानव अधिकारवादीहरू आदि सबैले आ-आफ्ना हक, अधिकार एवं सम्मानका पक्षमा अन्तरिम सरकारबाट भटाभट निर्णयहरू गरेर परिवतर्नको आभास दिने

काम गरोस् भन्ने चाहना राख्नु स्वभाविकै थियो (श्रेष्ठ, वि.सं. २०७९ मंसिर २२; दाहाल, वि.सं. २०७८ असार १९) । आफ्नो सहभागिताबाट गठित सरकारबाट जनताका पक्षमा निर्णय गरियोस्का चाहना वृद्धि हुने तर प्रक्रिया मिलाएर बढ्नु पर्ने भएकाले सरकारबाट जनचाहनाअनुसार काम गर्न नसक्ने अवस्थामा जनताको असन्तोष विष्फोटक बन्न सक्ने सम्भावना पनि थियो । नेपाल भारत सम्बन्धमा उत्पन्न गतिरोधले गर्दा लागेको नाकाबन्दीको फलस्वरूप बढ्दो महङ्गी र अभावको मारमा परेका जनताहरूबाट शीघ्र कार्यको चाहना राखिँदै थियो । जनआन्दोलन दमनका नाममा राष्ट्रिय ढुकुटीको दोहन गर्ने, अपचलन गर्ने कार्य समेतबाट जर्जर परेको मुलुकको अर्थतन्त्र व्यवस्थापन गर्नु र जनआन्दोलन विरोधीहरूलाई कारवाहीको दायरामा ल्याउनु पनि अन्तरिम सरकार समक्ष उत्पन्न चुनौतीहरूका कडि नै थिए ।

जनआन्दोलनको दबाबमा परेर बाध्य भएका राजाले अन्तरिम सरकार गठन गरिदिए तापनि देशको प्रशासनिक संरचनादेखि राज्य व्यवस्था सञ्चालनका निकायहरूसम्म पञ्चायती कालखण्डकै संरचना कायमै थियो । पञ्चायती कालखण्डमै हुर्किएका सचिव, मुख्य सचिव, सुरक्षा निकाय प्रमुखहरू आदिले अन्तरिम सरकारलाई इमान्दारितापूर्वक साथ दिने सहयोग पुऱ्याउने गर्छन् भनेर विश्वास गर्न सकिने स्थिति थिएन । जनआन्दोलनमा साथ सहयोग पुऱ्याएकाहरूबाट भने आफ्नो स्थिति सुदृढ बनाउने चाहना अनुरूप प्रयास गर्ने स्थिति समेत हुन थालेको थियो । जनआन्दोलनका उपलब्धि संस्थागत गर्ने समेतको जिम्मेवारी लिएको अन्तरिम सरकारले त्यसका लागि आवश्यक कानूनी मार्गदेखि साथ सहयोग दिने प्रशासनिक निकायको व्यवस्थापन गर्नै पर्ने चुनौती प्रखर रूपमा उत्पन्न भएको थियो ।

अन्तरिम सरकारलाई सबैभन्दा जटिल कार्य वा जिम्मेवारी संविधान बनाउने कार्य नै थियो । प्रजातान्त्रिक पद्धतिलाई कसरी स्थापित गराउने भन्ने मूल लक्ष्यलाई ध्यान राखेको सरकारले जनआन्दोलनको चाहनाअनुसार राजामा एकत्रित रहेका अधिकार जनतामा हस्तान्तरण गर्नु पर्ने थियो (अधिकारी, वि.सं. २०५५) । प्रजातान्त्रिक पद्धतिलाई समाप्त गरेका राजाले अधिनायकवाद चलाएको लामो समय भइसकेकाले ३० वर्षको अवधिमा हुर्किएको नयाँ पुस्तालाई प्रजातन्त्र के हो भन्ने कुरा बुझाएर जागरुक नागरिक बनाउनु पर्ने अवस्था त छँदै थियो । पहिलाको संविधान पूर्ण प्रजातान्त्रिक बनाउने प्रयास गर्दा पनि राजाको हस्तक्षेपले गर्दा निकै कमजोरी रहनाले तिनैलाई उपयोग गरेका राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १ को कदम चालि प्रजातान्त्रिक पद्धति नै सिध्याएका थिए । भविष्यमा त्यस्तो घटना हुन नसकोस् र कसैले पनि जनताका अधिकार अपहरण गर्न कुल्चन नसकोस् भन्ने व्यवस्थासहितको संविधान बनाउनु चुनौतीपूर्ण कार्य थियो (विरही, वि.सं. २०७९ मंसिर १८) । पञ्चायती संविधान पूर्ण समाप्त नभएको स्थितिमा त्यस बखत राजाको शक्ति पूर्ण रूपले समाप्त भइसकेको थिएन । बाध्यात्मक अवस्थामा राज्याधिकार दिनु परेकाले घाइते सिंहकै रूपमा राजा रहेकाले जुनसुकै बेला षड्यत्र हुन सक्ने वातावरण विद्यमान थियो । बाध्य भएर अधिकार छाड्न मान्छु भनेका राजाले मौका पाउना साथ राज्य सञ्चालनका बढीभन्दा बढी अधिकारहरू आफूमा राख्ने चाहना राख्नु स्वाभाविकै पनि थियो । अर्कोतिर परिवर्तन संस्थागत गर्ने जिम्मेवारी पाएको अन्तरिम सरकारले जनतालाई सार्वभौम अधिकार सम्पन्न नबनाई नहुने अवस्था छँदै थियो । नेपालको राज संस्थाले वि.सं. २००७ सालदेखि नै पटक पटक धोका दिएकाले राजाको नियतप्रति पुरा भरोसा गर्न सक्ने अवस्था नै थिएन । देशको सर्वोच्च निकायरूपी राज संस्था नै षड्यन्त्रको सोचमा बढेर कसरी बढी भन्दा बढी अधिकार हात पार्ने भन्ने सोचमा रहेका बेला उसैको व्यवस्थापनमा हुर्किएको सेना, प्रहरी र प्रशासनलाई परिचालन गरेर प्रजातान्त्रिक पद्धतिको संस्थागत विकास गर्ने आधार बनाउँछौं भन्न अन्तरिम सरकार बाध्य थियो ।

उल्लेखित चुनौतीपूर्ण स्थिति बारे पूर्ण जानकार हुँदा नहुँदै पनि अन्तरिम सरकारको नेतृत्व गर्न स्वीकार गरेका नवनियुक्त प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई प्राप्त जिम्मेवारी जसरी पनि पुरा गर्न कटिबद्ध थिए । शपथ ग्रहण समारोह पछि पत्रकारहरूसँग संक्षिप्त कुराकानी गरेका प्रधानमन्त्रीले नेपाल भारत सम्बन्धमा उत्पन्न गतिरोधले गर्दा नेपाली जनताले भोग्नु परेको सास्तीदेखि पञ्चायती सरकारको असन्तुलित विकास नीति प्रयासले गर्दा गाउँ-शहर बिच बढेको दुरी एवं महङ्गीको मारको पूर्ण अन्त्य गर्न नसके पनि सुधारको प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । विद्यमान अवस्थामा जनता महङ्गीको चपेटामा परेको जनाएका उनले शहर क्षेत्रमा केही सामान पाइने र मूल्य पनि नियन्त्रित हुने भए तापनि पहाडका कुना कन्दरा एवं दुर्गम बस्तीहरूमा यातायात बाटोघाटोको अभावले गर्दा मालसामान पुऱ्याउनै नसकिने र पुऱ्याए पनि महङ्गो ढुवानी खर्च तिर्नु पर्ने भएकाले आमजनता महङ्गीको मार भोग्न बाध्य भएको यथार्थ चित्रण गरेर तिनलाई कसरी सहुलियत पुऱ्याउन सकिन्छ र थोरै भए पनि राहत दिन सकिन्छ भन्नेमा अन्तरिम सरकारको प्रयास हुने घोषणा गरी जनतालाई कष्टपूर्ण अवस्थाबाट बाहिर निकाल्ने प्रयास नै पहिलो प्राथमिकता भएको प्रस्ट पारेका थिए (राष्ट्र पुकार साप्ताहिक, वि.सं. २०४७ वैशाख १३; गोरखापत्र, वि.सं. २०४७ वैशाख ७) ।

आफ्नो सत्तारोहणलाई नेपाली जनताको शहादतको परिणाम मान्न कत्ति नहिचकिचाउने प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले जनआन्दोलनका क्रममा प्राण उत्सर्ग गरेका, घाइते भएका र क्षति व्यहोरेकाहरूलाई उच्च सम्मान प्रकट गर्दै सक्दो सहयोग गर्नुलाई सरकारको प्राथमिकता भनेका थिए । आफू र आफ्नो सरकारको प्राथमिकता प्रकट गर्ने क्रममा परिवर्तनका लागि भएको जनआन्दोलनका क्रममा जीवन गुमाएका, घाइते एवं अङ्ग भङ्ग भएका र क्षति बेहोरेकाहरूकहाँ आफैँ जाने घोषणा गरेका प्रधानमन्त्रीले परिवर्तनका लागि बलिदानको अध्याय निर्माण गरेकाहरूको घर घरमा गएर आभार सहानुभूति प्रकट गर्ने र सदैव तिनीहरूलाई सहयोग पुऱ्याउन प्रयास गर्ने जनाएर त्याग एवं बलिदानप्रति सदैव ऋणि रहने प्रतिबद्धता पनि स्पष्ट गरेका थिए ( गोरखापत्र, वि.सं. २०४७ वैशाख ७; साप्ताहिक विमर्श, वि.सं. २०४७ वैशाख ७) । जनआन्दोलनको सफलतापछि नेपाली कांग्रेसको राजनीतिक विश्वसनियताको स्थापनासँगै लोकप्रियता बढेको अवस्थामा अन्तरिम सरकारका प्रधानमन्त्रीबाट जनआन्दोलनका योद्धा परिवार समेतलाई ढाढस पुऱ्याउने नीतिलाई प्राथमिकता बनाएपछि राम्रो कार्यको थालनी मानेर सकारात्मक प्रभाव बढ्न गयो ।

पञ्चायती व्यवस्थालाई जनमत सङ्ग्रह मार्फत जनअनुमोदित व्यवस्थाको स्वरूप दिएका पञ्चनेताहरूले फाइदा उठाउने क्रममा अवलम्बन गरेका नीतिले गर्दा देशको अर्थतन्त्र खोक्रो भएको अवस्था थियो । नेपाल भारत सम्बन्धमा गतिरोध उत्पन्न भएपछि सुधार्नका लागि राष्ट्रिय सहमति जुटाएर पहल गर्नु भन्दा राष्ट्रियताको दुहाई दिएर हवाई मार्गबाट इन्धन ओसार्ने, तिब्बतबाट ढिके नून-पेट्रोल ल्याउने जस्तो नीतिमा मरिचमान श्रेष्ठ सरकार बढेकाले खोक्रिएको अर्थतन्त्र ध्वस्त नै भएको थियो (शर्मा, वि.सं. २०६२) । देशको विकास निर्माणका कामहरू ठप्प पार्नेदेखि अभाव मूल्य वृद्धि आदिबाट सकसमा परेका आम जनताको जीवन निकै कष्टकर भएको थियो (पाण्डे, वि.सं. २०७२[२०४८]) । त्यसबाट नेपाली नागरिकहरू मात्र नभएर सीमा क्षेत्रका भारतीयहरू पनि पीडित भएको बारे राम्रोसँग बुझेका अन्तरिम सरकारका प्रधानमन्त्री भट्टराईले दुई देश बिचको गतिरोध अन्त गर्नुलाई पनि आफ्नो प्राथमिकतामा पारेको भेटिन्छ । नेपाल भारत दुवैलाई अहित गर्ने गतिरोध अन्तका लागि पहल गर्ने जनाएका उनले नेपाल भारत सम्बन्धको परम्परागत र सौहार्दपूर्ण अवस्था विगारेर ल्याइएको गतिरोधपूर्ण अवस्था सुधार्ने क्रममा भारतले लिएको अडानलाई मानेर मात्र नेपाल गतिशील हुने होइन कि नेपालको सार्वभौमिकताबाट भारतको सुरक्षालाई मद्दत नै पुऱ्याएको छ भन्नेमा विश्वस्त भएको आफूले भारतबाट पनि

नेपालको सार्वभौमिकता माथि खतरा छैन भन्ने एकिन गरेर असहज सम्बन्धको अन्त्य गर्ने घोषणा नै गरेका थिए (साप्ताहिक विमर्श, वि.सं. २०४७ वैशाख ७; गोरखापत्र, वि.सं. २०४७ वैशाख ७) । नेपाल भारत सम्बन्ध सदियौँदेखिको सम्पर्क एवं मानवीय सम्बन्धको उदाहरण भएको जनाएका प्रधानमन्त्री भट्टराईले भारतीय नागरिकहरू नेपालको सर्वाभौमिकताको सम्मान गर्न कटिबद्ध भएको जनाएर नेपालको सार्वभौमिकता समाप्त पार्ने षड्यन्त्रमा केबल मुर्ख भारतीय मात्र लाग्न सक्ला भन्दै परिहासको अवस्था पनि सिर्जना गर्न खोजेका थिए । नेपाल भारत कसैका लागि पनि हितकर नभएको असहज सम्बन्धको स्थिति समाप्त गर्न ढिला गर्नै नहुने भनेका उनले अन्तरिम सरकारले मुख्य प्राथमिकता बनाएर त्यसमा लागि पर्ने जनाएका थिए ।

अन्तरिम सरकारको नीति कार्यक्रमको प्रारम्भिक रूपरेखारूपी प्राथमिकता स्पष्ट गर्ने क्रममा प्रजातन्त्रको संस्थागत विकास गरिछाड्ने अठोट प्रकट गरेका प्रधानमन्त्री भट्टराईले कार्यभार ग्रहण गरेपछिका तीन महिनामा संविधान निर्माण गर्ने अठोट स्पष्ट गरे । नेपाली जनताको कठोर सङ्घर्ष एवं बलिदान पश्चात् पुनर्स्थापना भएको प्रजातान्त्रिक पद्धतिको संस्थागत विकास नै अन्तरिम सरकारको महत्त्वपूर्ण जिम्मेवारीमूलक कार्य हो भनेका प्रधानमन्त्रीले त्यसका लागि देशमा प्रजातान्त्रिक संविधान नै मूल आवश्यकता भएकाले ९० दिन भित्रमा प्रजातान्त्रिक संविधान निर्माण गरेर प्रजातान्त्रिक मुलुकमा रूपान्तरण गर्न कटिबद्ध भएको जनाएपछि नेपाली जनतालाई रैतिबाट नागरिक बनाउने प्राथमिकता प्रस्ट पारेका थिए (राष्ट्र पुकार साप्ताहिक, वि.सं. २०४७ वैशाख १३; गोरखापत्र, वि.सं. २०४७ वैशाख ७) । त्यसबाहेक देशका बहुसङ्ख्यक नागरिकहरूको जीवन यापनको मूल आधार रहेको कृषि क्षेत्रको उन्नति-विकास एवं संबर्द्धनमा जोड दिने, कृषि उत्पादन वृद्धि एवं बजारीकरणका आधारहरू खोज्ने, उन्नत कृषि औजार एवं मलखादको प्रबन्ध मिलाउने, देशका लागि भविश्यका असल नागरिक तयार पार्न युवाहरूलाई सामाजिक-सांस्कृतिक सहसम्बन्ध बोध गराएर कर्तव्यनिष्ठ बनाउने, साक्षरता वृद्धि एवं शिप विकास कार्यमा युवा परिचालन गर्ने, नागरिकहरूको आत्म सम्मान एवं स्वाभिमान वृद्धिमा जोड दिएर प्रजातान्त्रिक समाजयुक्त मुलुक बनाउने अठोट समेत प्राथमिकताका रूपमा सारेका प्रधानमन्त्रीले सम्पूर्ण देशवासीको आशा समेत बढाउने काम गरेका थिए ।

नेपाल र नेपालीको अवस्था सुधार्ने कार्य थालनी गर्ने प्राथमिकता व्यक्त गरेका अन्तरिम सरकारका प्रधानमन्त्रीले प्रजातन्त्र पुनर्स्थापनाको अभियान उपलब्धिपूर्ण ढङ्गले समाप्त गरिएकाले प्रजातान्त्रिक समाज निर्माण कार्यमा तदारुकता साथ लागि पर्न नेपाली जनतालाई अपिलसमेत गरेका थिए । प्रजातान्त्रिक आन्दोलन सफल बनाएर खोसिएको स्वाभिमान पुनः प्राप्ति गरेका नेपाली नागरिकहरू एकजुट भएर बढेका खण्डमा देशमा प्रजातन्त्रको संस्थागत विकास गर्ने, प्रजातान्त्रिक विशेषतायुक्त संविधान तयार पारेर आम निर्वाचन समेतको आधार बनाउने, बालिग मताधिकारका आधारमा आमचुनाव सम्पन्न गरेर जननिर्वाचित सार्वभौम सत्ता सम्पन्न संसदको स्थापना गर्ने र सफल प्रजातान्त्रिक शासन व्यवस्था सहितको नेपाल नेपाली जनता समक्ष प्रस्तुत गर्ने कार्य एक वर्षभित्र सम्पन्न गर्ने प्राथमिकता प्रस्ट पारेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले विजय दम्भबाट टाढा रहेर कर्म गर्न गरेको आह्वान आजसम्म पनि शोधकर्ताको स्मरणमा सुरक्षित रहिरहेको छ ।

यसप्रकार ३० वर्षसम्म पञ्चायती व्यवस्था विरुद्ध अनवरत सङ्घर्ष गर्दा पनि सफलता हात नपरेपछि ठूलो सङ्गठित शक्तिबिना पञ्चायतको अन्त नहुने बुझेका कांग्रेस-कम्युनिष्टहरूले मोर्चाबन्दी गरेर प्रजातन्त्र पुनर्स्थापना गरी अन्तरिम सरकारमा पुगेर क्रियाशीलता प्रारम्भ गरे । ३० वर्षसम्म पञ्चायतवादी एवं राजावादी बनेर सत्तासुख भोग्नेदेखि राज्य स्रोतको हकदार बनेर सुविधा उपभोग गर्ने गर्दै आएका मण्डलेदेखि दरबारियाहरूसम्मले अन्तरिम सरकारलाई असफल पार्ने मौका खोजिरहेका थिए । फगत षड्यन्त्रका भरमा

कांग्रेस कम्युनिष्टलाई पन्छाएर आफ्नो स्वार्थ सिद्ध गरिरहेका यस्ता वर्गदेखि आफ्ना विशेषाधिकार छाड्नै नचाहेको दरबारसम्मले चुनौती दिएर असफल पार्ने सम्भावना पनि प्रशस्तै थियो । तर पनि कत्ति विचलित नभईकन जनताका पक्षमा काम गर्ने दृढतासहित नेतृत्व सम्हालेका अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले डटेर चुनौती सामना गर्दै सरकारका प्राथमिकता सार्वजनिक गरेर तदारुकता साथ क्रियाशील हुने मार्ग प्रशस्त गरेका थिए ।

**निष्कर्ष**

विश्वजगत् व्यापक परिवर्तन र अग्रगमनको सन्देश लिएर क्रियाशील हुँदा पनि नेपालको पञ्चायतकालीन राजतन्त्रले जनतालाई प्रजातान्त्रिक हक अधिकारबाट विमुख गराएर सर्वसत्तावादी शासन गर्ने नीति अवलम्बन गरेको थियो । समयको पदचाप नसुन्ने मनस्थितिमा रहेको नेपालको राजतन्त्रको नीतिबारे विश्लेषण गरेका वी.पी. ले योग्यता क्षमता बिना वंश र परम्पराका आधारमा चलाएको शासन पद्धतिले आधुनिक समाजको नेतृत्व गर्न नसक्ने किटान गरेर नेपाली जनतालाई जागरुकताको मार्गमा बढ्न आह्वान गरेका थिए । राष्ट्रियता माथि सङ्कट उत्पन्न भएको ठहर गरी बिना शर्त परिवर्तनका लागि उठाएको हतियार बिसाएर स्वदेश फर्केका वी.पी. ले गरेका विश्वास विपरीत आफैँले गरेको जनमत सङ्ग्रह घोषणामा धाँधली गरेका राजा वीरेन्द्रले प्रजातन्त्रवादीहरूलाई राजनीतिको मूलधारमा प्रवेश गर्नै नदिने संवैधानिक व्यवस्था गरेकै हुन् । जीवन रहँदासम्म वी.पी.लाई मात्र अपमानित गर्ने चेष्टा गरेका राजा वीरेन्द्रले जहिले पनि फुटाउ र राज गरेकै नीति अनुरूप कांग्रेस-कम्युनिष्टहरूलाई फुटाउनेहरूको साथ सहयोग लिने काम गरे । जसबाट आक्रोशित नेपाली नागरिकहरूले जनआन्दोलन २०४६ का क्रममा विरे चोर देश छोड जस्ता नारा लगाउने र राजतन्त्र विरोधी वातावरण निर्माणमा बढी सकेको सङ्केत दिने काम गरेका हुन् । सडकमा निस्किएको जनसागरको आक्रोस देखेर आत्तिएका राजा वीरेन्द्रले सेनालाई प्रयोग गर्न खोज्दा नसक्ने जवाफ पाएपछि मात्र वार्ता प्रक्रियातर्फ बढेर प्रजातन्त्र पुनर्स्थापना एवं संवैधानिक राजतन्त्रलाई स्वीकार गरेका थिए । सकेसम्म आफ्ना विशेष अधिकार छाड्नै नचाहेका राजाले आन्दोलनकारी नेतृत्वलाई सकेसम्म भुलाउने गलाउने प्रयास गर्दा नसक्ने भएपछि मात्र अन्तरिम सरकार गठन गर्न तयार भए । त्यसपछि पनि आफ्ना भिजिलान्तेदेखि मण्डलेतन्त्रसम्मको कुरा सुनेका राजाले अव्यवस्था फैलाउने र आन्दोलनकारीहरूलाई तर्साउने कार्य हुँदा पनि थाहा नपाएझैं गरेर राजनैतिक परिवर्तनका लागि आफू तत्पर नरहेको लालसा देखाइरहे । टसमस नभएका आन्दोलनकारीहरू पञ्चायतको आमूल समाप्ति र अन्तरिम सरकार गठन बाहेकमा सम्झौता गर्न नमानेपछि बाध्य भएर मात्र अन्तरिम सरकार गठनको तारतम्य मिलाएका हुन् । त्यसबाट शाही मतियार बनेर फाइदा लुट्नेदेखि प्रजातन्त्रवादीहरूको विरोध गरेर स्वार्थसिद्ध गर्नेहरूका दिन समाप्त हुने भएकाले त्यस्ता तत्वहरूले राजाको भित्री चाहना अनुरूप अव्यवस्थाको बाटो लिँदा अन्तरिम सरकारले चुनौतीको सामना गर्नु पर्‍यो । कठिनाइको सामना गर्ने तर पछि नहट्ने दृढता लिएको अन्तरिम सरकारले कत्ति नहिच्किचाइकन आफ्ना प्राथमिकता सार्वजनिक गर्दै काम थालेर प्रति चुनौती दिई सफलताको मार्ग प्रशस्त गरेको थियो ।

**सन्दर्भ सामग्रीहरू**

**अन्तर्वार्ताहरू**

अधिकारी, भरतमोहन. नेकपा (एमाले) नेता एवं भूतपूर्व मन्त्रीसँग वि.सं. २०७१ भाद्र ७ गते सुनारगाउँ कलङ्की काठमाडौँमा ।

कोइराला, कुलप्रसाद. प्राध्यापक एवं सक्रिय प्रजातन्त्रवादीसँग वि.सं. २०७९ मंसिर १७ गते वानेश्वर काठमाडौँमा ।

जोशी, गोविन्दराज. प्रजातान्त्रिक आन्दोलनका योद्धा एवं भूतपूर्व मन्त्रीसँग वि.सं. २०७६ पौष ३ गते चण्डोल काठमाडौँमा ।

दाहाल, हरिहर. वरिष्ठ अधिवक्ता कानूनविद्सँग वि.सं. २०७८ असार १९ गते पुतली सडक काठमाडौँमा ।

प्रधान, सहाना. अन्तरिम सरकार २०४७ का मन्त्रीसँग वि.सं. २०६२ असार १२ गते सानेपा ललितपुरमा ।

मानन्धर, हरिहर. प्रजातान्त्रिक आन्दोलनको सेनानी एवं वरिष्ठ पत्रकारसँग वि.सं. २०७९ मंसिर १८ गते नयाँ वानेश्वर काठमाडौँमा ।

शर्मा, श्रीभद्र. प्रजातान्त्रिक आन्दोलनका योद्धा एवं भूतपूर्व मन्त्रीसँग वि.सं. २०५९ असार २२ गते कोटेश्वर काठमाडौँमा ।

श्रेष्ठ, कपिल. प्राध्यापक राजनीतिशास्त्री एवं मानव अधिकारवादी व्यक्तित्वसँग वि.सं. २०७९ मंसिर २२ गते महाराजगञ्ज काठमाडौँमा ।

## प्रकाशित सामग्रीहरू

अधिकारी, भरतमोहन ( वि.सं. २०६४). *मेरो जीवनयात्रा केही सम्झनाहरू.* माधवप्रसाद धिताल ।

अधिकारी, सूर्यमणि - (वि.सं.२०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास.* निराला पब्लिकेसन्स ।

खनाल, रेवतीरमण ( वि.सं. २०७३). *अनुभूति र अभिव्यक्ति. गोरखापत्र,* २०४७ वैशाख ७ ।

गौतम, बद्रीनारायण ( वि.सं. २०७७). *शान्तिपूर्ण आन्दोलनमा नेपाली कांग्रेस.* शिखा बुक्स ।

- ( वि.सं. २०७८ क). *जनसङ्घर्षका तीस वर्ष.* पल्लव प्रकाशन ।
- ( वि.सं. २०७८ ख). निर्णायक जनआनदोलन २०४६ मा पेशाकर्मीहरू. अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन. नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

थापा, सूर्यबहादुर ( वि.सं. २०६९). *मेरा नौ दशक.* बुकहिल पब्लिकेशन प्रा.लि. ।

थापा, हरिबहादुर ( वि.सं. २०६९). *दलीय द्वन्द्व राजनीतिक चलखेलका बेलिविस्तार.* साङ्ग्रिला बुक्स ।

नेपाल, किशोर ( वि.सं. २०७०). *मेरो समय.* फाइन प्रिन्ट बुक्स ।

पाण्डे, रमेशनाथ ( वि.सं.२०७२). *राजनीति र कुटनीति.* साङ्ग्रिला बुक्स ।